**जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिका आफन्त (आमा, श्रीमती, छोरी तथा दिदीबहिनी) सहभागी २०८१ जेष्ठ १७ को सम्मेलनद्वारा पारित पोखरा घोषणापत्र**

बेपत्ता पारिएका व्यक्ति तथा सशस्त्र द्वन्द्वको समयमा मारिएका व्यक्तिको वास्तविक नाम, थर र ठेगाना विस्तृत शान्ति सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराइनेछ भनी नेपाल सरकार तथा राजनीतिक दलहरूले गरेको प्रतिबद्धता उक्त सम्झौता भएको १८ वर्षभन्दा बढी समय भइसक्दा समेत कार्यान्वयन नभएकोप्रति गम्भीर आपत्ति जनाउँदै,

सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको सम्बन्धमा छानबिन गरी सत्य अन्वेषण गर्न, पीडकहरूलाई कानूनबमोजिम दण्डसजाय र पीडितहरूलाई न्याय तथा परिपूरण लगायतका विषयमा सिफारिस गर्न स्पष्ट कार्यादेशसहित प्रभावकारी संक्रमणकालीन न्याय संयन्त्रको स्थापना गर्ने नेपाल सरकार तथा राजनीतिक दलहरूको विस्तृत शान्ति सम्झौता, नेपालको संविधान, सर्वोच्च अदालतको फैसला तथा अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व परिपालना नभएकोप्रति दुःख व्यक्त गर्दै,

सशस्त्र द्वन्द्वका क्रममा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिलाई अन्तरिम राहत तथा आर्थिक सहायता प्रदान गर्नका लागि सरकारद्वारा जारी नीतिनियम, कानून, कार्यविधि एवं निर्देशिका र कार्यक्रमहरू विभेदपूर्ण भएकाले त्यसमा सुधार ल्याउनका लागि पटक-पटक विभिन्न माध्यमद्वारा ध्यानाकर्षण गर्दा पनि त्यसको यथोचित सम्बोधन नगर्ने सरकार र सम्बद्ध सरोकारवालाहरूप्रति खेद प्रकट गर्दै,

एकल महिला सामाजिक सुरक्षा कार्यक्रममा बेपत्ता पारिएका व्यक्तिको श्रीमतीलाई समेत समेट्न र बेपत्ता पारिएका व्यक्तिको आफन्तको नाममा रहेको चल-अचल सम्पत्तिमा रहेको हक नामसारी, अंशबण्डा र बेचबिखन गर्न तथा उपभोग गर्न मिल्ने गरी व्यवस्था गर्नका लागि सरकारको ध्यानाकर्षण गर्दै,

जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिका परिवारको सत्य, न्याय र परिपूरण प्राप्त गर्ने अधिकारको सुनिश्चितता नगर्ने, यसका लागि आवश्यक र उपयुक्त संक्रमणकालीन न्याय कानून तथा संरचना निर्माण प्रक्रियामा छलकपट, बेइमानी र बेवास्ता गर्ने सरकार, राजनीतिक दल तथा सम्बद्ध सबै सरोकारवालालाई अब उप्रान्त उक्त व्यवहार नदोहोऱ्याउन, इमान्दार हुन र हामी पीडित तथा परिवारहरूको सत्य, न्याय र परिपूरणको अधिकारको सुनिश्चितता

गर्न जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिका हामी आमा, श्रीमती, छोरी तथा दिदीबहिनीको पोखरा सम्मेलनबाट पारित गरी यो घोषणापत्र जारी गर्दछौं :-

१. सशस्त्र द्वन्द्वका क्रममा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिलाई सत्य, न्याय र परिपूरण प्रदान गर्न सरकारद्वारा जारी विभिन्न नीतिनियम, कानून, कार्यविधि एवं निर्देशिका विभेदपूर्ण छन् । अन्य प्रचलित नेपाल कानूनमा भएका कतिपय व्यवस्था पीडितको शिक्षा, स्वास्थ्य र सम्पत्ति लगायतको मौलिक हक प्रत्याभूत गर्ने कुरामा बाधक छन् । त्यसैगरी वास्तविक द्वन्द्वपीडितहरूको पहिचान हुन सकेको छैन र डेटाबेसमा एकरूपता छैन । पहिचान भएकाहरूले पनि उक्त विभेदपूर्ण कानूनी व्यवस्थासँगै सम्बन्धित निकाय तथा अधिकारीहरूको गैरजिम्मेवार कामकारवाहीका कारण पहिचानजन्य समस्या र विभेदको सामना गर्नुपरेको छ । चल-अचल सम्पत्तिमा रहेको हक नामसारी, अंशबण्डा, बेचबिखन तथा धितो राख्न कानूनी जटिलताको सामना गर्नुपरेको छ । अतः उक्त विभेदपूर्ण कानूनहरूको पुनरवलोकन गरी बेपत्ता लगायतका द्वन्द्वपीडितहरूको सत्य, न्याय र परिपूरणको सुनिश्चतता गरिनुपर्ने,

२. बेपत्ता पारिएका व्यक्तिको परिवारलाई अधिकारसम्पन्न परिचयपत्र, निःशुल्क शिक्षा, स्वास्थ्यको सुविधा तथा रोजगारी, सरकारी सेवामा आरक्षण र पेन्सनको व्यवस्था गरिनुपर्ने,

३. बेपत्ता पारिएका व्यक्तिका हामी आमा, श्रीमती र महिला सदस्यहरूको भोगाइ फरक छ । हामीले सामना गरिरहेका आर्थिक, सामाजिक, मनोवैज्ञानिक तथा सांस्कृतिक चुनौतीहरू पनि भिन्न छन् । अतः यस्ता समस्यालाई सम्बोधन गर्न परिपूरण सम्बन्धी नीति, नियम, कानून तथा कार्यक्रमहरू लैंगिक दृष्टिकोणले बनाउनुपर्ने ।

४. संसद्मा विचाराधीन संशोधन विधेयकमा रहेका कतिपय विषय, जस्तै मानवअधिकारको गम्भीर उल्लंघनको परिभाषाले केही निश्चित अवस्थाका व्यक्तिविरुद्धको गम्भीर मानवअधिकार उल्लंघनलाई नसमेटेको, मानवअधिकार उल्लंघनका घटनाको हकमा तोकिएका शर्तहरू पूरा नगरेको अवस्थामा पीडकलाई के कस्तो र कसरी कारवाही हुन्छ भन्ने कुरामा विधेयकमा प्रस्ट व्यवस्था नभएको, आयोग पदाधिकारीहरूको छनौट समितिको संरचनामा समस्या रहेको र आयोगहरू स्वायत्त एवं स्वतन्त्र बनाउन विधेयकमा उपयुक्त व्यवस्था नभएकोले त्यस्तो आवश्यक व्यवस्था गरी सर्वोच्च अदालतको आदेश तथा यससम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र असल अभ्यास अनुकूल तत्काल संशोधन गरिनुपर्ने ।

५. गम्भीर मानवअधिकार उल्लंघनको परिभाषामा सुधार गरी मानवअधिकारको गम्भीर उल्लंघन जोसुकै व्यक्तिविरुद्ध भए गरेको भए पनि परिभाषामा समेटिनुपर्ने । त्यसैगरी विधेयकमा रहेको मानवअधिकारको गम्भीर उल्लंघनको परिभाषाभित्र मानवताविरुद्धको अपराध र युद्ध अपराधलाई समावेश गरिनुपर्ने ।

६. संसद्मा विचाराधीन संशोधन विधेयकमा हाम्रा उपरोक्त मागहरू समावेश गर्दै विधेयक पारित गरिसकेपछि मात्र आयोगका पदाधिकारीहरू नियुक्ति गरिनुपर्ने ।

७. संशोधन विधेयक पारित भई आयोगहरूको कामकारवाही प्रभावकारी नभएको अवस्थामा पीडितको न्यायको लागि नियमित न्याय प्रणालीको ढोका बन्द गरिन नहुने ।

८. जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गरिनुपर्ने ।

९. सशस्त्र द्वन्द्वपश्चात् द्वन्द्वकै कारण र परिणामस्वरूप उत्पन्न भएका गम्भीर मानवअधिकार उल्लंघनका विषय र घटनाहरूलाई समेत संक्रमणकालीन न्यायका संयन्त्रहरूले समेट्नुपर्ने ।

१०. तीनै तहका सरकारले द्वन्द्वपीडितको लागि अन्तरिम राहत तथा परिपूरण कार्यक्रम लागू गर्नुपर्ने । यस सम्बन्धी आवश्यक कानून, नीति नियम, कार्यविधि तथा कार्यक्रमहरूको निर्माण एवं कार्यान्वयन गर्दा द्वन्द्वपीडितहरूसँग व्यापक छलफल, परामर्श र सहभागितालाई सुनिश्चित गरिनुपर्ने र पीडितकेन्द्रित एवं पारदर्शी प्रक्रिया अपनाउनुपर्ने ।

११. अतः हामी बेपत्ता परिवारका सदस्यहरू हाम्रा मागहरू तत्काल सम्बोधन गरी पीडितको न्याय र परिपूरणीय अधिकारको सम्बोधन गर्न सम्बद्ध सरोकारवालाहरूलाई हार्दिक अपिल गर्दछौं । यसक्रममा सबैबाट सहयोग र साथको अपेक्षा गर्दछौं ।

**हस्ताक्षर गर्नेको नामावलि**

१. किशोरी कार्की, मोरङ, कोशी प्रदेश

२. जानकी पोखरेल, मोरङ, कोशी प्रदेश

३. टिका भट्टराई, झापा, कोशी प्रदेश

४. रञ्जिता सुब्बा, सुन्सरी, कोशी प्रदेश

५. श्यामा देवी पन्त, मोरङ, कोशी प्रदेश

६. प्रमिला राना, पर्सा, मधेश प्रदेश

७. सियासरण मण्डल, महोत्तरी, मधेश प्रदेश

८. लीला देवी भन्डारी, चितवन, बागमती प्रदेश

९. सोमती प्रजा, चितवन, बागमती प्रदेश

१०. स्वस्तिका माली, ललितपुर, बागमती प्रदेश

११. उत्तरकुमारी रानाभाट, नवलपुर, गण्डकी प्रदेश

१२. छमकुमारी बस्नेत, बाग्लुङ, गण्डकी प्रदेश

१३. पार्वती सिग्देल, नवलपुर, गण्डकी प्रदेश

१४. माया गिरी, कास्की, गण्डकी प्रदेश

१५. ममता शर्मा, कास्की, गण्डकी प्रदेश

१६. राधिका शिंखडा, कास्की, गण्डकी प्रदेश

१७. सीता बस्ताकोटी, कास्की, गण्डकी प्रदेश

१८. सुस्मिता बस्ताकोटी, कास्की, गण्डकी प्रदेश

१९. सुनमाया वि क, नवलपुर, गण्डकी प्रदेश

१९. गोमा भुसाल, कपिलवस्तु, लुम्बिनी प्रदेश

२०. करुणा थारु, रुपन्देही, लुम्बिनी प्रदेश

२१. रिमा पासी, रुपन्देही, लुम्बिनी प्रदेश

२२. चन्दाची चौधरी, दाङ, लुम्बिनी प्रदेश

२३. चुमा आचार्य, दाङ, लुम्बिनी प्रदेश

२४. अनु थारु, बर्दिया, लुम्बिनी प्रदेश

२५. चन्द्रकला उप्रेती, बाँके, लुम्बिनी प्रदेश

२६. तुलसी विष्ट, बाँके, लुम्बिनी प्रदेश

२७. बेलरानी थारु, बर्दिया, लुम्बिनी प्रदेश

२८. रामदुलारी थारु, बर्दिया, लुम्बिनी प्रदेश

२९. सिमा थारु, बर्दिया, लुम्बिनी प्रदेश

३०. तुलसी विष्ट, बाँके, लुम्बिनी प्रदेश

३१. सुमत्रानी थारू, बर्दिया, लुम्बिनी प्रदेश

३४. रत्ना रेग्मी, दैलेख, कर्णाली प्रदेश

३५. अविसरा बोगटी, कालिकोट, कर्णाली प्रदेश

३६. कृष्णी चौधरी, कैलाली, सुदुरपश्चिम प्रदेश

३७. संगीता चौधरी, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश

३८. लक्ष्मी चौधरी, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश

३९. सरिता रोकाया, कैलाली, सुदुरपश्चिम प्रदेश

४०. तारा बोहरा, कैलाली, सुदुरपश्चिम प्रदेश